बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

क.प्र./२०८३/८४

पत्र सङ्ख्या :-

चलानी नं. :- २९९

मितिः २०८२।०५।०८

विषयः- निर्णय पठाइएको।

श्री मन्त्रालय (सबै),
श्री प्रदेश लोक सेवा आयोग,
श्री बागमती प्रदेश सभा सचिवालय,
श्री प्रदेश नीति तथा योजना आयोग,
श्री मुख्य न्यायधिवक्ताको कार्यालय,
श्री शासकीय सुधार तथा समन्वय महाशाखा, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
बागमती प्रदेश, हेटौंडा।

प्रस्तुत विषयमा मिति २०८३।०५।०४ को बागमती प्रदेश सरकार, मन्त्रिपरिषद् बैठकबाट भएको देहायबमोजिको निर्णय कार्यान्वयनको लागि पठाइएको ब्यहोरा निर्देशनानुसार अनुरोध छ।

तपसिलः-

१. प्रदेश सुशासन ऐन, २०७७ को दफा १९ र प्रदेश सुशासन नियमावली, २०७७ को नियम ९ बमोजिम बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लेख भएका विषयगत मन्त्रालय अन्तर्गतका कार्यक्रमहरू निर्धारित समय, लागत र गुणस्तर अनुरूप सम्पन्न गरी अपेक्षित नतिजा हासिल गर्न माननीय मुख्यमन्त्रीज्यू र माननीय मन्त्रीज्यूहरू बीच, माननीय मुख्यमन्त्रीज्यू र प्रमुख सचिवज्यू बीच तथा विषयगत मन्त्रालयका माननीय मन्त्रीज्यू र प्रदेश सचिवज्यू बीच कार्यसम्पादन करार गर्ने।

२. बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम र वार्षिक बजेट कार्यान्वयनको लागि आवश्यक पर्ने नीति, कार्यविधि र नीति तथा कार्यक्रम र बजेट कार्यान्वयन कार्ययोजना विषयगत मन्त्रालयहरूले ७ कार्यदिनभित्र तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने।

३. क) प्रदेश सरकारको शासकीय सुधार, पारदर्शिता र प्रविधिको उच्चतम प्रयोगमार्फत निर्णय प्रक्रियालाई द्रुत र चुस्त बनाउन प्रदेश मन्त्रिपरिषद्को बैठकलाई 'E-Cabinet' प्रणालीमार्फत सञ्चालन गर्ने निर्णय गरियो। यसका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक E-Cabinet सँग सम्बन्धित कार्यविधि तयार गरी १५ दिन भित्रमा मन्त्रिपरिषद्को बैठकमा पेस गर्ने र सम्पूर्ण मन्त्रिपरिषद् बैठकहरू पूर्ण रूपमा कागजरहित (Paperless E-Cabinet) रूपमा सञ्चालन गर्ने गरी व्यवस्था मिलाउने।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np

CamScanner

बागमती प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

हेटौंडा, नेपाल

क.प्र./२०८३/८४

पत्र सङ्ख्या :-

चलानी नं. :-

ख) प्रदेश सरकारद्वारा सञ्चालित आयोजनाहरूको वित्तीय र भौतिक प्रगतिको रियल टाईम अपडेट हेर्न मिल्ने गरी आयोजना ट्र्याकिङ प्रणालीको विकास गर्ने र पहिलो चरणमा प्रदेशका बहुवर्षीय आयोजनाहरूको प्रगति विवरण प्रणालीमा प्रविष्टि गर्ने।

ग) बागमती प्रदेशमा हाल कार्यान्वयनमा रहेका सम्पूर्ण विद्युतीय प्रणालीहरूको विवरण प्रदेश मन्त्रालयहरूले ७ कार्यदिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उपलब्ध गराउने। प्रदेश मन्त्रालयलाई आवश्यक परेका अन्य विद्युतीय प्रणालीहरूको विवरण १५ दिन भित्र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पेश गर्ने। प्रदेश सरकारलाई आवश्यक पर्ने प्रणालीहरू आन्तरिक रूपमै उत्पादन गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आवश्यक कार्यविधि तयार गर्ने।

२०८३।०५।०८

..........................

(तीर्थराज घिमिरे)

शाखा अधिकृत

सादर अवगतार्थ:

श्री माननीय मुख्यमन्त्रीज्यू, बागमती प्रदेश सरकार।

श्री श्रीमान् प्रमुख सचिवज्यू, बागमती प्रदेश सरकार।

बोधार्थ:

श्री सूचना तथा सञ्चार समन्वय शाखाः वेभसाइटमा अपलोड गरिदिनुहुन।

CamScanner